बैठक नं १७८

आज मिति २०८१/११/०६ गतेका दिन यस तादी गाउँपालिकाका अध्यक्ष श्री सन्तमान तामाङ ज्यू को अध्यक्षतामा गाउँपालिका, गाउँकार्यपालिकाको बैठक बसि तपशिल बमोजिमको प्रस्ताव माथि छलफल गरी निर्णयहरु गरियो।

उपस्थिति

| क.स | नाम, थर | निर्वाचित पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री सन्तमान तामाङ | अध्यक्ष | |
| २. | श्री सन्जु प्याकुरेल श्रेष्ठ | उपाध्यक्ष | |
| ३. | श्री नकुर दोङ तामाङ | १ नं वडा अध्यक्ष | |
| ४. | श्री बच्चुराम तामाङ | २ नं वडा अध्यक्ष | |
| ५. | श्री सोनाम तामाङ | ३ नं वडा अध्यक्ष | |
| ६. | श्री अस्मिन कुमार पाण्डे | ४ नं वडा अध्यक्ष | |
| ७. | श्री सरोज भण्डारी | ५ नं वडा अध्यक्ष | |
| ८. | श्री सीरमान तामाङ | ६ नं वडा अध्यक्ष | |
| ९. | श्री छिरिङ शेर्पा | कार्यपालिका सदस्य | |
| १०. | श्री देवकी विश्वकर्मा | कार्यपालिका सदस्य | |
| ११. | श्री इन्जिला सिलवाल | कार्यपालिका सदस्य | |
| १२. | श्री सरिता तामाङ | कार्यपालिका सदस्य | |
| १३. | श्री शर्मिला उप्रेती खनाल | कार्यपालिका सदस्य | |
| १४. | श्री विसु सुनार | कार्यपालिका सदस्य | |
| १५. | श्री ध्रुव खनाल | सचिव | |
| अन्य उपस्थित कर्मचारी | | | |
| १६. | श्री सेवक विक्रम राई | लेखा अधिकृत | |
| १७. | श्री विरोचन खनाल | अधिकृत छैठौं | |
| १८. | श्री शर्मिला थापा | कम्प्युटर अपरेटर | |

# प्रस्तावहरु

१. अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा।

२. २०८०।०८१ को LISA र FRA प्राप्ताङ्क अनुमोदन सम्बन्धमा ।

३. अर्धवार्षिक खर्च माथिको छलफल सम्बन्धमा।

४. संघीय समपूरक अनुदानका योजना छनौट सम्बन्धमा।

५. संघीय विशेष अनुदानका योजना छनौट सम्बन्धमा।

६. विविध

क. मियामी कन्सल्टिङ सर्भिसेजको अन्तराष्ट्रिय सम्बन्ध प्रवर्धन सम्बन्धमा ।

ख. PAMS मा गाउँपालिकाको नाम परिवर्तन गर्ने सम्बन्धमा ।

ग. गाउँपालिका लोगो स्वीकृत गर्ने सम्बन्धमा ।

घ. विपन्न नागरिक सहायता सम्बन्धमा ।

ङ. जात्रा व्यवस्थापन सम्बन्धमा ।

च. घर नक्सा अभिलेखीकरण सम्बन्धमा ।

छ. ह.स.चा सम्बन्धमा ।

# निर्णयहरु

| निर्णय नं. | निर्णयहरु |
|---|---|
| १ | प्रस्ताव नं १ उपर छलफल गर्दा गाउँकार्यपालिकाको मिति २०८१/१०/०८ को १७७ औ बैठकमा भएका निर्णय कार्यान्वयन उपर छलफल गरी समिक्षा गरियो । |
| २ | प्रस्ताव नं २ उपर छलफल गर्दा यस गाउँपालिकामा आ.व २०८०/०८१ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन(LISA) को प्राप्ताङ्क ७३.२५ र स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन(FRA) को प्राप्ताङ्क ८१.५ लाई अनुमोदन गरी प्रकाशन गर्ने निर्णय गरियो । |
| ३ | प्रस्ताव नं ३ उपर छलफल गर्दा यस गाउँपालिकको आ.व. २०८१/०८२ को लागि चालु तर्फ ३५.१ प्रतिशत र पूँजिगत तर्फ ०.९७ प्रतिशत खर्च प्रगति देखिएकाले खर्च अनुमोदन गरी अर्धवार्षिक रुपमा भएको खर्च माथि छलफल उपर समिक्षा गरी सो अवधि सम्मको खर्च अनुमोदन गरियो । |
| ४ | प्रस्ताव नं ३ उपर छलफल गर्दा संघीय सरकारको समपूरक अनुदान अन्तर्गतको योजनाको लागि तपशिल वमोजिमका योजनाहरु छनौट गरी प्रस्ताव पेश गर्ने निर्णय गरियो ।<br>तपशिल<br>१.खरानीटार-डाँडागाउँ-टुटुङ-दोर्खुपुल-काल्चे-गैरिखर्क सडक स्तरउन्नती तादी १ र ३(तादी गाउँपालिकाको रालुकादेवी आयूर्वेद औषधालय-सु न्दरादेवी मा.वि.- वडा नं १ वडा कार्यालय हुँदै गोसाईकुण्ड जाने छोटो दुरिको सडक) - रु २ करोड<br>२.वाघमारा शहिद पार्क निर्माण तादी ४ — रु ४० लाख<br>३.कृषि उपज संकलन तथा वजारीकरण गर्ने तादी कोशेली घर निर्माण — रु ४० लाख |
| ५ | प्रस्ताव नं ३ उपर छलफल गर्दा संघीय सरकारको विशेष अनुदान अन्तर्गतको योजनाको लागि तपशिल वमोजिमका योजनाहरु छनौट गरी प्रस्ताव पेश गर्ने निर्णय गरियो ।<br>तपशिल<br>१. शैक्षिक विकासको लागि सेवाको गुणस्तर अभिवृद्धी कार्यक्रम<br>२. आर्थिक,सामाजिक र अन्य कुनै विभेदमा परेका वर्ग समुदाय वा क्षेत्रको जिविकोपार्जन,उत्थान र विकासको लागि होमस्टे प्रवर्द्धन कार्यक्रम - तादी २ र ४<br>३. खानेपानी सुविधाबाट वन्चित दलित, लोपोन्मुख तथा आर्थिक सामाजिक रुपले पिछडिएका समुदाय लक्षित तादी गाउँपालिका वृहत खानेपानी आयोजना अन्तर्गत<br>क) नर्जा खानेपानी आयोजना- तादी ५<br>ख) खरानीटार खानेपानी आयोजना —तादी ३ |

प्रस्ताव नं ६ उपर छलफल गर्दा विविध शिर्षकमा तपशिल बमोजिमको निर्णय गरियो।

क. प्रस्तुत विषयमा कन्सल्टिङ सर्भिसेज प्रा. लि. काठमाडौबाट अन्तराष्ट्रिय सम्बन्ध प्रवर्दन र संचालनको लागि सहयोग पुर्याउन माग भएकाले उक्त संस्थालाई अन्तराष्ट्रिय सम्बन्ध गतिविधिहरु प्रवर्दन गर्न परामर्श सेवा उपलब्ध गराउने निर्णय गरियो ।

ख. प्रस्तुत विषयमा यस गाउँपालिकामा प्रयोग भईरहेको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा गाउँपालिकाको नाम तादीगाउँ गाउँपालिका रहेकोले उक्त नाम संशोधन गरी तादी गाउँपालिका बनाउन सम्बन्धित निकायमा पत्राचार गर्ने निर्णय गरियो ।

ग. प्रस्तुत विषयमा गाउँपालिकाको लोगो निर्माणको लागि गाउँपालिकाले आव्हान गरेको सूचना अनुसार लोगो निर्माण गरी पेश गरेका फर्म तथा कम्पनीहरु मध्ये जन आकाश मिडिया प्रा.लि, काठमाडौ ले पेश गरेको लोगो उत्कृष्ट रहेकोले उक्त कम्पनिले तयार गरेको गाउँपालिकाको लोगो स्वीकृत गर्ने निर्णय गरियो ।

घ. प्रस्तुत विषयमा आ.व २०८१/०८२ मा विनियोजन भएको विपन्न नागरिक सहायता कार्यक्रमबाट आर्थिक अवस्था कमजोर रहेका तपशिल वमोजिमको व्यक्तिहरुलाई सहायता रकम उपलब्ध गराउने निर्णय गरियो ।

<u>तपसिल</u>

१. जुना कट्टेल तादी २- ४०,०००। अक्षरुपी चालिस हजार मात्र
२. कल्पना तामाङ तादी ३- २५०००। अक्षरुपी पच्चिस हजार मात्र
३. जयराम के.सि. तादी ३- १५०००। (शव वाहन भाडा)
४. सरस्वती सुनार तादी ४- २५०००। अक्षरुपी पच्चिस हजार मात्र
५. ज्ञानिमाया तामाङ तादी ३- २००००। अक्षरुपी विस हजार मात्र
६. सुमन तामाङ तादी ३- २५०००। अक्षरुपी पच्चिस हजार मात्र
७. सोम तामाङ तादी ५- २५०००। अक्षरुपी पच्चिस हजार मात्र
८. सानुकान्छी तामाङ तादी ६- २५०००। अक्षरुपी पच्चिस हजार मात्र

ङ. प्रस्तुत विषयमा तादी गाउँपालिकाको वडा नं २ र ३ मा मनाईने जलेश्वरी जात्रा व्यवस्थापन कार्यक्रमको लागि रु १९५००।(उन्नईस हजार पाँच सय मात्र) उपयुक्त खर्च शिर्षकबाट भुक्तानी रकम उपलब्ध गराउने निर्णय गरियो ।

च. प्रस्तुत विषयमा यस गाउँपालिकाको घर नक्सा पास तथा घर नक्सा अभिलेखिकरण गर्न पौष मसान्त सम्म म्याद रहेकोमा घर नक्सा अभिलेखीकरणको लागि माग भएकाले बाहैं महिना सुचारु गर्ने निर्णय गरियो ।

छ. प्रस्तुत विषयमा तादी गाउँपालिकाको वडा नं ५ र ६ को नागरिकता बनाउन विदुर जाँदा समय र श्रम बढी खर्च गर्नु पर्ने भएको हुँदा ईलाका प्रशासन कार्यालय सातविसे बाट नै नागरिकता प्रदान गर्न आवश्यक पहलको लागि जिल्ला प्रशासन कार्यालय नुवाकोट लाई अनुरोध गर्ने निर्णय गरियो ।

ज. प्रस्तुत विषयमा यस कार्यालयमा कार्यरत ह.स.चा सविन अधिकारीको कार्यसम्पादन मुल्याङ्कन सन्तोषजनक नभएकाले निजलाई आजकै मिति देखी सेवा बाट हटाउने निर्णय गरियो ।